**प्रश्न नं. ८७**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१०४९२ देखि १०६१३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

ओजराज विष्टको जाहेरीले नेपाल सरकार

बिरुद्ध

लमजुङ जिल्ला, चिती नगरपालिका वडा नं. ८ बस्ने यज्ञबहादुर थापा, डिलबहादुर कमाली, टेकबादुर कमाली

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मिति २०७५।८।५ गतेका दिन मेरो बुबा मदनराज विष्ट र म समेत भएको ज्यान मुद्दा सम्मानीत अदालत लमजुङमा पेशी तारिख भएको हुँदा हामी बाबु छोरा विहानको खाना खाई बेंशीशहर तर्फ आउँदै गरेको अवस्थामा चिती नगरपालीका.वडा नं. ६ स्थित धौखोलामा आई पुग्दा एक्कासी सोही खोलामा लुकी छिपी बसेका मैले चिनेका जिल्ला लमजुङ चिती नगरपालीका.वडा नं. ८ बस्ने डिलबहादुर कमली, टेकबहादुर कमली, यमवहादुर थापा, देखे चिने जानेको ३-४ जना मानिसहरूले एक्कासी चारैतिरबाट घेराउ गरी बुबालाई धौखोलाको डिलमा लडाई मेरो बुबालाई बाँधछाँद गरी भाग्न उम्कन नपाउने गरी बाटोमा लडाई कर्तव्य गरी मारेको हुँदा निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको ओजराज विष्टको जाहेरी दरखास्त ।
- मृतक मदनराज विष्टको मृत्युको कारण घाँटीमा ३ इन्च लम्बाइको काटेको घाउ देखिएको दायाँ कानको माथि पछाडिपट्टि १ इन्च गोलाईको प्वाल भएको देखिएको मृतकको लिङ्ग र गुदद्वारबाट केही ननिस्केको देखिएको भन्ने व्यहोराको लासजाँच मुचुल्का ।
- जाहेरवालाको बाबु मृतक मदनराज विष्ट बेंसीशहरमा तारिख लिन जान्छ भन्ने कुरा मलाई पहिले देखिनै थाहा थियो । म र मेरै गाउँ बस्ने टेकबहादुर कमली, डिलबहादुर कमली हामी चिती ६ स्थित धौखोला नेर रहेको चौतरामा आएर हामी सबैजना बसेका थियौं । निज जाहेरवालाको बाबु मदनराज विष्ट धौखालामा आइपुग्दा निजलाई चारैतिरबाट लडाई निजलाई म समेतका व्यक्तिहरूको सहयोगमा निजलाई कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको पक्राउमा परेका प्रतिवादी यमवहादुर थापा, डिलवहादुर र टेकवहादुरको प्रहरीमा गरेको बयान ।

**प्रश्न नं. ८७**

- मिति २०७५।८।५ गतेका दिन जाहेरवालाको बाबु मदनराज विष्ट बेंशीशहरमा तारिख लिन जान्छ भन्ने कुरा मलाई थाहा थियो । निज मदनराज विष्ट आएपछि निजलाई मार्ने हो भनी योजना बनाएको भन्ने व्यहोराको प्रतिवादी टेकबहादुर कमलीको प्रहरीमा गरेको वयान ।
- मिति २०७५।८।५ गते मुद्दाको तारिख लिन मृतक मदनराज विष्ट बेंशीशहर जान्छ सोही बेला निजलाई मार्नु पर्यो भनी मार्ने योजना बनाई चिती ६ डाँडा चोकमा विहान गईसोही ठाउँमा बसेँ । सो दिनको ८.३० बजेको समयमा धौखोलामा आई पुग्दा निजलाई चारैतिर घेरा हालीबसेकायमवहादुर समेत व्यक्तिहरूले निज मदनराज विष्टलाई कर्तव्य गरी मारेका हो । यसमा म समेत सबैको सहमती थियो भन्ने समेत व्यहोराको पक्राउमा परेका प्रतिवादी डिलबहादुर कमलीले प्रहरीमा गरेको बयान कागज ।
- यसमा जिल्ला प्रहरी कार्यालय लमजुङबाट अनुसन्धान कार्य सम्पन्न भइ प्राप्त प्रस्तुत कर्तव्य ज्यान मुद्दामा संकलित मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल तथा लास प्रकृति मुचुल्का, प्रतिवादी, डिलबहादुर कमली, टेकबहादुर कमली, यज्ञबहादुर थापा, र बयान बुझिएका मानिसहरू सीता विष्ट, दिनेश राना, कोषनिधि तिवारी, जंगबहादुर विष्ट, शंकरबाबु तिवारी घटना विवरण कागज समेतका कागजातहरू अध्ययन गर्दा मिति २०७५।८।५ गते जाहेरवाला ओजराज विष्टको बुवा मदनराज विष्टलाई कर्तव्य गरी मारेको हुनाले निजहरुलाई मुलुकी फौजदारी अपराध सहिताको परिच्छेन १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग पत्र ।
    - प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
    - लम्जुङ जिल्ला अदालतबाट भएको फैसला
    - उच्च अदालत पोखरामा प्रस्तुत गरेको पुनरावेदनपत्र